# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. १९४/०७३/७४**

**निर्णय नं. १३०**

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारीसमेत ........................२ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बारा ..........१ } विपक्षी
सूचना अधिकारी, नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बारा .........१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारी समेतले नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बारा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।०८ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ. व. २०७२/०७३ मा नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बाराको कूल बजेट रकम कति थियो ? सो बजेट कुन कुन शीर्षकमा कहाँ कहाँ खर्च गरिए सोको बिबरण ।
२. नेपाल ग्रामिण पुनर्निर्माण संस्था (आर. आर. एन.) कलैया, बारामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको नामावली, योग्यता, पारिश्रमिक र सम्पर्क नम्वर सहितको बिबरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर ०५ गते रोज १ शुभम् ।